# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# लुम्बिनी प्रदेश कार्यालय

राप्ती उपत्यका, (देउखुरी), दाङ्ग।

**प्रि-डिप्लोमा र डिप्लोमा /प्रमाणपत्र तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरुको रिक्त कोटाको योग्यताक्रम अनुसार नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना**
**(सूचना प्रकाशित मिति २०८२।०८।०८)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरद्धारा पूर्व प्रकाशित सूचना अनुसार प्रि- डिप्लोमा र डिप्लोमा/ प्रमाणपत्र तहका वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फ सम्पूर्ण कार्यक्रमहरुको विभिन्न मितिमा नतिजा प्रकाशित गरी भर्नाका लागि सिफारिस भएका उम्मेद्धवारहरु तोकिएको मिति र समयमा भर्ना हुन नगएको कारणले रिक्त रहन आएको सिटमा स्वास्थ्य तर्फ वैकल्पिक सूचीमा रहेका उम्मेद्धवारहरुबाट योग्यताक्रम अनुसार र स्वास्थ्य बाहेकका अन्य कार्यक्रमहरुमा मिति २०८२/०८/०१ गते सम्पूर्ण विवरण खुलाई निवेदन माग गरिए बमोजिम प्राप्त निवेदनका आधारमा लक्षित वर्ग/समूह अनुसार योग्यताक्रमको नतिजा सिफारिस गरिएको छ। भर्नाका लागि सिफारिस भएका उम्मेद्धवारहरुले मिति २०८२।०८।१२ गते शुक्रवार कार्यालय समय भित्र सम्बन्धित शिक्षालयमा भर्ना हुन जानु हुन जानकारी गराईन्छ । सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी **"प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८२"** सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरुले पेश गरेको सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्न गराउनु हुन अनुरोध छ। साथै भर्नाका लागि सम्बन्धित शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्ममा भर्ना हुन नआएका परीक्षार्थीहरुको परिषद् लुम्विनी प्रदेश कार्यालयको इमेल ठेगाना exam.ctevtp5@gmail.com मा अनिवार्य रुपमा भर्ना निर्देशिका बमोजिम ३ दिन भित्रमा लिखित जानकारी गराउनु पर्नेछ ।

**निर्देशक**

टेलिफोन ☎ : ०८२-४२००७७ ईमेल ✉: ctevtprovince5@gmail.com वेब साईट :www.ctevtp5.org.np